## आयोगको सचिवालयको संरचना

आयोगको सचिवालयको दैनिक कार्य संचालनको लागि सदस्य सचिब सहित ७ जना (उपसचिव-२, शाखा अधिकृत र लेखा अधिकृत १/१ जना, कम्प्यूटर अपरेटर-१ जना र कार्यालय सहयोगी-१ जना) जनशक्ति रहने व्यवस्था ०५८।१२।२३ को निर्णयबाट गरिएकोमा अपुग जनशक्ति मन्त्रालयबाट काजमा ल्याई हाल निम्न १४ जना जनशक्ति कार्यरत छन् ।

- उप-सचिव ३ जना
- वित्तीय विकेन्द्रीकरण विज्ञ २ जना
- शाखा अधिकृत २ जना
- लेखापाल १ जना
- नायब सुब्बा १ जना
- कम्प्युटर अपरेटर १ जना
- ड्राईभर २ जना
- कार्यालय सहयोगी २ जना

## आयोगको आ.व. २०६६।६७ सम्मको मुख्य-मुख्य प्रतिवेदन तथा प्रकाशनहरू

१. स्थानीय निकाय वित्तीय आयोगको प्रतिवेदन २०५७ प्रकाशन
२. जिविसको आन्तरिक राजश्व प्रक्षेपण, परिचालन र व्यवस्थापन सम्बन्धी कार्य पुस्तिका र जिविसको आन्तरिक राजश्व प्रक्षेपण दिग्दर्शन-२०६१ प्रकाशन
३. Expenditure Effectiveness of Local Bodies and Assessment of Expenditure Needs of Devolved Tasks - November 2004
४. स्थानीय निकायहरूको Expenditure Assignment Study - April 2004
५. Designing Intergovernmental Fiscal Transfer Formula and Expenditure Needs Assessment of Selected Devolved Tasks -May 2005
६. Revenue Assignment and Fiscal Gap Analysis of Local Bodies in Nepal - August 2005
७. केन्द्र र स्थानीय निकाय बीच राजश्व बाँडफाँड अध्ययन प्रतिवेदन-२०६४
८. जिल्ला विकास समितिहरूको जिल्ला विकास कोष व्यवस्थापन अध्ययन-२०६५
९. ७५ वटै जिल्ला विकास समितिहरूको न्यूशकास मापन विश्लेषण कार्य २०६३/६४ देखी गर्दै आएको
१०. ५८ वटै नगरपालिकाहरूको न्यूशकास मापन २०६४/६५ देखी गर्दै आएको
११. गाविसको न्यूनतम शर्तको मापन कार्य २०६४/६५ देखि जिविसहरू मार्फत गराउँदै आएको
१२. जिल्ला विकास समितिहरूको न्यूशकास मापन कार्यविधि-२०६५ तयार गरी प्रकाशन
१३. स्थानीय निकायहरू (जिविस र गाविस) को वित्तीय स्थिति विश्लेषण गरी ०५९/६० देखी २०६४/०६५ सम्म ६ अङ्क प्रकाशन
१४. वित्तीय संघियतामा नेपालका छनौटहरू विषयक अध्ययन २०१० जुलाई
१५. गाविस अनुदान सूत्रका लागि लागत सूची (Price Index) सम्बन्धी अध्ययन जुन २०१०
१६. नगरपालिकाहरूको न्यूशकास मापन कार्यविधि (२०६६ तयार गरी प्रकाशन
१७. Review of MCPM Assessment system -April 2010
१८. गाउँ विकास समितिहरूको न्यूनतम शर्त मापन कार्यविधि-२०६६ तयार गरी प्रकाशन
१९. न्यूशकस मापन कार्यको गुणस्तर सुनिश्चितता परीक्षण (Quality Assurance Assessment) सम्बन्धी कार्यविधि २०६६ तयार गरी प्रकाशन

## आयोगको हाल सम्मका प्रमुख कार्य तथा उपलब्धिहरू

१. न्यूशकास मापनलाई संस्थागत गराईएको- जस अन्तर्गत

- जिविस र नगरपालिकाहरूकाहरूको न्यूशकास मापन कार्यविधि परिमार्जन गरी प्रकाशित
- गाविसको न्यूनतम शर्त मापन कार्यविधि २०६६ परिमार्जन गरी प्रकाशित
- न्यूशकास मापन कार्यको गुणस्तर सुनिश्चितता परीक्षण (Quality Assurance Assessment) सम्बन्धी कार्यविधि, २०६६ तयार गरी प्रकाशित
- सबै जिविस र नगरपालिकाहरूको न्यूशकास मूल्याङ्कन तथा गुणस्तर परिक्षण
- सबै गाविसहरूको न्यूनतम शर्त मापन कार्यक्रम जिविसमार्फत सम्पन्न

२. सुत्रको आधारमा अनुदान वितरण (आ.ब. २०६७/६८ को लागि सिफारिस गरिएको अनुदान सुत्र)

| स्थानीय निकाय | जनसंख्या | क्षेत्रफल | भारित गरिबि | भारित लागत | भारित कर प्रयाश |
|---|---|---|---|---|---|
| जिबिस | ४०% | १०% | २५% | २५% | |
| नगरपालिका | ५०% | १०% | २५% | | १५% |
| गाविस | ६०% | १०% | | ३०% | |

३. स्थानीय निकायहरूको वित्तीय स्थिति विश्लेषण तथा प्रकाशन
४. वित्तीय विकेन्द्रीकरणको विविध पक्षहरूको अध्ययन

आयोगले तीनवटै स्थानीय निकायले विभिन्न आ.ब. मा सम्पादन गरेका कार्यको न्यूशकास मापन गरी सोको आधारमा अनुदान प्रदान गर्न नेपाल सरकारमा सिफारिस गर्दै आएको छ ।

### आयोगको भावी कार्यदिशा

१. राज्य पुर्नसंरचनामा स्थानीय निकाय वित्तीय आयोगको अवस्था र भूमिका निर्धारण गर्ने ।
२. स्थानीय निकाय वित्तीय आयोगको पुनसंरचना गर्ने ।
३. वित्तीय विकेन्द्रीकरणको अगुवाको रुपमा काम गर्ने ।
४. संक्रमणकालीन अवस्थामा वित्तीय विकेन्द्रीकरणको स्थान निर्दिष्ट गर्ने ।
५. न्यूशकास मापन कार्यलाई संस्थागत र गुणात्मक बनाउदै लैजाने ।

सम्पर्क
नेपाल सरकार
स्थानीय निकाय वित्तीय आयोगको सचिवालय
श्रीमहल, पुल्चोक, ललितपुर ।
फोन नं. : +९७७ १ ५५२६२०७, ५५३७७२७
फ्याक्स : +९७७ १ ५५३७४३३
Website : www.lbfc.gov.np
Email : lbfc@lbfc.gov.np
lbfcs123@gmail.com
fiscalcommission@gmail.com

# स्थानीय निकाय वित्तीय आयोग

## एक चिनारी




वित्तीय विकेन्द्रीकरणका चार खम्बाहरु

नेपाल सरकार
स्थानीय निकाय वित्तीय आयोगको सचिवालय
श्रीमहल, पुल्चोक, ललितपुर

## पृष्ठभूमि

वि.स. २०३९ देखी विकेन्द्रीकरणको माध्यमबाट नेपालको आर्थिक एवं सामाजिक विकास गर्ने उद्देश्यका साथ स्थानीय निकायलाई सशक्त पारी विकेन्द्रीकरणलाई प्रभावकारी बनाउने प्रयास गरियो । प्रजातन्त्रको पुन:स्थापना पश्चात् वि.सं. २०४८ सालमा स्थानीय निकाय सञ्चालन गर्ने सम्वन्धमा बनेको तीनवटा ऐनहरुले स्वायत्तताका लागि वाञ्छित अधिकारहरु दिन नसकेकोले बढी स्वायत्तताको प्रावधान राखी स्थानीय स्वायत्त शासन ऐन, २०५५ लागू गरिएको हो । उक्त ऐनले स्थानीय निकायहरुलाई कानूनी रूपमा विभिन्न अधिकार र जिम्मेवारी दिनका साथै जिम्मेवारी पूरा गर्न गराउन आर्थिक अधिकारहरु पनि निक्षेपण गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३९ (१) मा जनतालाई स्थानीय स्तरमानै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको स्थानीय स्तरदेखी नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासन सम्बन्धी निकायको व्यवस्था गरिने भन्ने उल्लेख छ । हाल संविधानको उक्त प्रावधान र स्वायत्त शासन ऐन, २०५५ अनुसार स्थानीय निकायहरु संचालित हुँदै आएका छन् ।

## आयोगको व्यवस्था र गठन

स्थानीय निकायहरूलाई आर्थिकरुपले सक्रिय, सक्षम, सुदृढ र आत्मनिर्भर बनाई जनतालाई पुर्‍याउने सेवाहरूमा प्रभावकारिता ल्याउनुपर्ने आजको आवश्यकता हो । यसको लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले स्थानीय निकायहरूलाई कर, दस्तुर, शुल्क आदि उठाउन दिएका आर्थिक अधिकारहरूलाई वैज्ञानिक ढंगबाट कार्यान्वयन गराई वित्तीय विकेन्द्रीकरणलाई प्रभावकारी बनाउनुपर्ने भएको छ । यिनै कार्यहरू गर्नको लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३७ ले स्थानीय निकाय वित्तीय आयोगको व्यवस्था गरेको छ । सोही ऐन बमोजिम स्थानीय निकायहरूले लगाउने कर तथा नेपाल सरकार र स्थानीय निकायबीच बाँडफाँड गर्नुपर्ने राजस्व सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने र कर पद्धति तथा लेखाप्रणाली समसामयिक बनाउन लिनुपर्ने नीतिगत विषयमा सुझाव प्रस्तुत गर्ने उद्देश्यले नेपालमा पहिलोपल्ट नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०५६।१०।२४ को निर्णयबाट अस्थायी प्रकृतिको आयोग गठन भएको थियो ।

उक्त आयोगले २०५७/६/३० मा वित्तीय विकेन्द्रीकरण तथा वित्तीय आयोग सम्बन्धी निम्न सिफारिस तथा सुझाव सहित एउटा प्रतिवेदन पेश गरिएको थियो ।

१. स्थानीय निकायको कार्य जिम्मेवारीको क्षेत्र निर्धारण गर्ने,
२. स्थानीय स्वायत्त शासन ऐन, २०५५ संग बाझिएका ऐन, नियमहरू संशोधन गर्ने,
३. स्थानीय निकायहरूको संख्या र पदाधिकारी संख्या पुनरावलोकन गर्ने,
४. स्थानीय निकायहरूको वित्तीय सवलीकरण (enabling) र निगरानी एवं कारवाही (Policing) गर्ने कार्य संस्थापन गर्ने,
५. स्थानीय निकायहरूको संगठन सुदृढीकरण कार्यक्रम संचालन गर्ने,
६. स्थानीय निकाय, निजी क्षेत्र र नागरिक समाजले एक अर्का प्रतिको दृष्टिकोण एवं नीति स्पष्ट गर्ने,
७. निर्वाचन क्षेत्र विकास कार्यक्रम र अन्य स्थानीय विकास कार्यक्रम बीच समन्वय र एकरुपता कायम गर्ने,
८. जिविसको गाविस र नपा प्रतिको दायित्व निर्धारण गर्ने,
९. सबै मन्त्रालयले स्थानीय निकायसँग सिधै आ-आफ्नो विशेषज्ञताको क्षेत्रमा सहयोग गर्ने,
१०. राजधानी शहरका लागि छुट्टै विशिष्ट संरचना बनाउने,
११. नगर विकास समिति खारेज गर्ने,
१२. अन्तिम लेखापरीक्षण र लेखा पारदर्शिता सम्बन्धी व्यवस्था गर्ने,
१३. लेखा सुदृढीकरण गर्ने ।

उक्त सिफारिसहरू मध्ये स्थानीय निकायहरूको वित्तीय सवलीकरण (enabling) र निगरानी एवं कारवाही (Policing) गर्ने कार्य संस्थापन गर्नको लागि तीनवटा स्थायी निकायहरू (स्थानीय निकाय वित्तीय आयोग, स्थानीय निकाय लेखा तथा लेखा परीक्षण बोर्ड र स्थानीय निकाय सेवा आयोग गठन) गरी संचालन गर्न आवश्यक ठानिएको थियो ।

२०५७ सालको स्थानीय निकाय वित्तीय आयोगको प्रतिवेदनको सिफारिश र स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३७ बमोजिम नेपाल सरकार (मं.प.) बाट २०५८/१२/२३ को निर्णयबाट माथि उल्लेखित कार्यहरूको अलावा अन्य कार्यक्षेत्रहरू समेत तोकि स्थायी स्वरुपको ९ सदस्यीय आयोग गठन गरिएको थियो ।

स्थानीय निकायहरूलाई वित्तीय रुपले सक्षम बनाउन र स्थानीय निकायहरूको प्रत्यक्ष सम्बन्ध रहने स्थानीय विकास मन्त्रालयलाई बढी उत्तरदायी बनाउने उद्देश्यले नेपाल सरकार (मन्त्रीपरिषद) ले मिति २०६३।८।११ मा देहाय बमोजिमका स्थानीय निकाय वित्तीय आयोग पुनर्गठन गरेको छ ।

| | | |
|---|---|---|
| १. | स्थानीय विकास मन्त्री | संयोजक |
| २. | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | उपसंयोजक |
| ३. | मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| ४. | सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| ५. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ६. | प्रतिनिधि, जिल्ला विकास समिति महासंघ | सदस्य |
| ७. | प्रतिनिधि, नेपाल नगरपालिका संघ | सदस्य |
| ८. | प्रतिनिधि, गाउँ विकास समिति राष्ट्रिय महासंघ | सदस्य |
| ९. | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| १०. | संयोजकले तोकेको एक जना राजश्व/लेखाविज्ञ | सदस्य |
| ११. | सहसचिव, स्थानीय विकास मन्त्रालय | सदस्य-सचिव |

## आयोगको कार्यक्षेत्र

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०६३।८।११ को निर्णयले आयोगको कार्यक्षेत्र देहाय अनुसार तोकेको छ :

१. वित्तीय आयोग २०५७ का सिफारिसहरू "विकेन्द्रीकरण कार्यान्वयन कार्य योजना" बमोजिम कार्यान्वयन गराउन समन्वय गर्ने ।
२. स्थानीय निकायलाई दिईने अनुदान निति र अनुदान वितरणको आधार तयार गर्ने ।
३. स्थानीय निकायहरूलाई प्रदान गरिने राजश्व बाँडफाँडको नीति र वितरणको आधार तयार पार्ने ।
४. स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७३ घ बमोजिम स्थानीय निकायलाई दिईने अनुदान थपघट गर्न सकिने प्रावधान बमोजिम न्यूनतम शर्त र कार्यसम्पादन (न्यूशकास) मापदण्ड तयार गरी सोको अध्ययन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।
५. राजश्व बाँडफाँड र न्यूनतम शर्त र कार्यसम्पादन (न्यूशकास) मापदण्डको आधारमा स्थानीय निकायमा जाने अनुदान तथा अंक निर्धारण गर्ने ।
६. स्थानीय निकायको वित्तीय श्रोत वृद्धिका लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने । न्यूशकास कार्यान्वयन तथा स्थानीय निकायको राजश्व क्षमता अभिवृद्धि कार्यक्रमका लागि स्थानीय निकायमा जाने राजश्व बाँडफाँड तथा विकास अनुदान रकमवाट ०.५ (शुन्य दशमलव पाँच) प्रतिशत रकम स्थानीय निकाय वित्तीय आयोगमा रहने व्यवस्था गर्ने ।
७. वित्तीय विकेन्द्रीकरणको समस्या पहिचान गरी समाधानको निमित्त नेपाल सरकार समक्ष सुझाव पेश गर्ने ।
८. वित्तीय विकेन्द्रीकरणको लागि नेपाल सरकार र स्थानीय निकाय बीच समन्वय गर्ने ।
९. स्थानीय निकायहरूको राजस्व संभाव्यता अध्ययन गर्ने, गराउने र राजश्वका नयाँ संभावित श्रोतहरूको पहिचान गरी सिफारिस गर्ने ।
१०. स्थानीय निकायको राजस्व र लेखा प्रणालीमा सुधार गर्ने ।
११. वित्तीय विकेन्द्रीकरणको अनुगमन तथा मूल्याङ्कन गरी समीक्षा गर्ने ।
१२. स्थानीय निकायहरूको राजश्व बाँडफाँड सम्बन्धी अन्तरनिकाय समन्वय तथा सचिवालयको रुपमा कार्य गर्ने ।
१३. स्थानीय निकायले लिने ऋणको नीति तथा आधारहरू तयार गर्ने गराउने ।
१४. स्थानीय निकायको वित्तीय समस्या निराकरणको लागि सहयोग र सुझाव प्रदान गर्ने ।
१५. वित्तीय विकेन्द्रीकरणसँग सम्वन्धित अन्य विषयहरू ।
१६. उपर्युक्त कार्यहरूको अलावा आयोगले वित्तीय विकेन्द्रीकरणसँग सम्वन्धित अन्य विषयहरू साथै कार्यक्षेत्र थप गर्न र कार्यविधि निर्धारण गर्न सक्ने ।